प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, पर्वत

गण्डकी प्रदेश, नेपाल

## निःशुल्क रुपमा व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन हुने सम्बन्धि सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२०)**

यस केन्द्रलाई चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षीक कार्यक्रम अनुसार तपसिल बमोजिमका व्यावसायिक तथा सीप विकास एवम् स्वःरोजगारमूलक तालीमहरु निःशुल्क रुपमा सञ्चालन गरिने भएको हुँदा देहायको योग्यता पुगेका इच्छुक नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७८/११/०५) भित्र रीतपूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | तालीमको नाम | तालीम संचालन हुने स्थान | तालीमको अवधि | उमेर | आवश्यक योग्यता | फर्म पाइने स्थान |
|---|---|---|---|---|---|---|
| १ | मोटरसाइकल मर्मत तालीम | कार्यालय | ३ महिने (७८ कार्यदिन) | १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको | मण्टेश्वरी तालीमको हकमा कक्षा १२ वा सो सरह उत्तिर्ण<br>फेसन डिजाइनिङ तालीमको हकमा आधारभूत सिलाइ कटाइ तालीम सिकेको<br>आधारभूत कम्प्युटर तालीमको लागि एस.एल.सी. वा सो सरह उत्तिर्ण<br>अन्य तालीमको हकमा कक्षा ८ उत्तीर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र पर्वत<br>बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेनी, म्याग्दी<br>गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गलकोट, बागलुङ<br>पैयुं गाउपालिका, गाउ कार्यपालिकाको कार्यालय, हुवास, पर्वत<br>१ नं. वडा कार्यालय, काठेखोला गाउपालिका, बागलुङ<br>धौलागिरी मोर्डन एण्ड मिटोरी टिउसन सेण्टर, धौलागिरी चोक, बागलुङ |
| २ | मोवाइल मर्मत तालीम | | | | | |
| ३ | आधारभूत सिलाइ कटाइ तालीम | बागलुङ बजार | | | | |
| ४ | आधारभूत केश श्रृङ्गार / ब्यूटिसियन तालीम | | | | | |
| ५ | फेसन डिजाइनिङ तालीम | बेनी म्याग्दी | | | | |
| ६ | आधारभूत सिलाइ कटाइ तालीम | काठेखोला गा.पा. १ पर्वत | | | | |
| ७ | विद्युत जडान तालीम | पैयूं गा.पा. पर्वत | | | | |
| ८ | प्लम्बिङ तालीम | गलकोट न.पा. बागलुङ | | | | |
| ७ | मिनिटेलर मर्मत तालीम | | ४५ कार्यदिन | | | |
| ८ | मिनिटेलर मर्मत तालीम | बागलुङ बजार | | | | |
| **महिलाहरुको लागि मात्र सञ्चालन हुने तालीमहरुः** | | | | | | |
| १ | मण्टेश्वरी तालीम | बागलुङ बजार | ७८ कार्यदिन | | | |
| २ | आधारभूत कम्प्यूटर तालीम | कार्यालय | ६५ कार्यदिन | | | |
| ३ | गुडिया / कुशन बनाउने तालीम | | १ महिने | | | |

**आवेदन फाराम साथ संलग्न राख्नुपर्ने कागजपत्र**

- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति, शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति सहित पासपोर्ट साइजका फोटा २ वटा ।

**नोटः**

- आर्थिक सामाजिक रुपले विपन्न, एकल महिला, दलित, महिला, द्वन्द पिडित, वैदेशिक रोजगारीबाट फर्किएका, कोभिड प्रभावित र सम्बन्धित पेशा व्यावसायमा संलग्नलाई प्राथमिकता दिइनेछ ।
- तोकिएभन्दा बढि संख्यामा आवेदन परेमा अन्तर्वार्ताबाट प्रशिक्षार्थीको छनौट गरिनेछ । तालीम लिएपश्चात सोही तालीमसँग सम्बन्धित पेशा, व्यवसाय वा उद्धम संचालन गर्नुपर्नेछ ।
- प्रस्तावित कार्यक्रम संशोधन भएमा वा एक तालीममा २० भन्दा कम संख्यामा आवेदन परेमा तालीम संचालन नगर्न बाधा पर्ने छैन ।
- प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिनमा मात्र दैनिक रु. ५०/- खाजा भत्ता स्वरुप उपलब्ध गराइनेछ ।
- अन्तर्वार्ता हुने मिति र स्थानको लागि पछि सूचना प्रकाशित गरिनेछ ।
- ३ महिने (७८ कार्यदिन) का तालीम पश्चात अनिवार्य सीप परिक्षण (Skill Test) को व्यवस्था गरिएको छ ।

सन्तोष पाैडेल
केन्द्र प्रमुख

फोन / फ्याक्सः ०६७ – ४२१११५
इमेलः vsdtcp@gmail.com
ठेगानाः कुश्मा न.पा. ५ वडागाँउ, पर्वत
गण्डकी प्रदेश, नेपाल